# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, मंसिर ५ गते, २०८२ साल (अतिरिक्ताङ्क ३५


# भाग २

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# संवत् २०८२ सालको अध्यादेश नं. ०२

## नेपाल विशेष सेवा ऐन, २०४२ लाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावना** : नेपाल विशेष सेवा ऐन, २०४२ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल सङ्घीय संसदको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस अध्यादेशको नाम "नेपाल विशेष सेवा (दोस्रो संशोधन) अध्यादेश, २०८२" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **नेपाल विशेष सेवा ऐन, २०४२ को दफा ४ मा संशोधन** : नेपाल विशेष सेवा ऐन, २०४२ को दफा ४ को उपदफा (१) मा रहेका "प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार, गृह मन्त्रालय अन्तर्गत" भन्ने शब्दहरू राखिएका छन्।

प्रमाणीकरण मितिः २०८२।०८।०५

**आज्ञाले,**
**पाराश्वर ढुङ्गाना**
**नेपाल सरकारको सचिव।**

मुद्रण विभाग



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू. ५।-
गो.द्र.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।